# अहिंसात्मक सामाजिक आन्दोलन सम्बन्धि कार्यशाला

## २१ असार २०७३



स्थान
बालुवाटार, काठमाडौं

**आयोजक :**

दीगो शान्ति, आन्तरिक शक्ति निर्माण र सद्भाव बृद्धिका लागि अहिंसात्मक सामाजिक आन्दोलन अहिलेको आवस्यकता हो । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले यसलाई आफ्नो मुल्य मान्यताको रुपमा लिएको छ । यस सम्बन्धमा हुने राष्ट्रिय, अर्न्तराष्ट्रिय गतिबिधिमा पनि संलग्न रहँदै आएको छ ।

अहिंसात्मक आन्दोलनका महत्वपूर्ण व्यक्तित्व, एकता परिषद् भारतका संयोजक तथा गान्धिवादी अगुवा राजगोपाल पि.भी. नेपाल आएको अवसर पारी एक दिने अहिंसात्मक सामाजिक आन्दोलन सम्बन्धि सम्बाद आयोजना गरियो । सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, राष्ट्रिय भूमि अधिकार मञ्च र दक्षिण एसियाली शान्ति सञ्जालको अयोजनामा भएको कार्यक्रममा ६३ जना अधिकारकर्मिले भाग लिए ।

**जगत बस्नेत**

आज मूलत अहिंसात्मक आन्दोलनको बारेमा छलफल गर्न खोजिरहेका छौं । यस सम्बन्धि अभ्यास, अनुभव र आगामी दिन कसरी जानुपर्छ भन्ने विषयहरुमा हामी केन्द्रित रहन्छौ ।

आन्दोलन भनेपछि मान्छेको बुझाईमा धर्ना, घेराउ प्रदर्शन हो भन्ने बुझाई बढि छ । तर सामाजिक आन्दोलन त्यति मात्र नभएर यो एउटा शसक्तीकरणको प्रक्रिया हो, समाजको आर्थिक, सामाजिक, राजनीतिक रुपान्तरणको प्रक्रिया हो जसले हाम्रो समाजलाई समावेशी ढंगले अगाडी बढ्नलाई सहयोग पुर्‍याउँछ भन्ने तर्कहरुको आधारमा छलफल अगाडी बढिरहेको छ । त्यसरी हेर्दा अहिले केही तर्क वितर्कहरु पनि भइरहेको छ । प्रोजेक्ट भरसेज सामाजिक आन्दोलनहरुको कुरा आइराखेको छ, हामी परियोजना तिर जाने या सामाजिक आन्दोलन तिर ? एनजिओ भरसेज जनसंगठनको कुरा आइराखेको छ । कुन चाँही दिगो ? त्यसैगरी डोनरको पैसा भरसेज स्थानीय स्रोतहरुको कुरा आईराखेको छ, अर्को आउटसाइडर भरसेज इनसाईडरको कुराहरु आईराखेको छ र अर्को छरिएका भरसेज संगठित आन्दोलनहरुको कुरा आईराखेको छ र अर्को टप डाउन भरसेज बटम अपको कुरा पनि आइराखेको छ । यी सबै तर्कहरुमा दिगोपनाको कुरा पनि गाँसिएको छ, त्यसकारण उहाँले सामाजिक आन्दोनलाई विभिन्न आकारबाट हेर्नुभएको छ र त्यो अनुभव यहाँ राख्नुहुन्छ ।

**राजगोपाल पि.भि. : संयोजक, एकता परिषद**



छोटो सुचनाको आधारमा आफ्नो महत्वपूर्ण समय निकालेर अहिंसात्मक आन्दोलनका कुरा सुन्न यति धेरै मान्छे आउनुभयो । यस उपस्थितिले प्रमाणित गर्छ कि, नेपालमा सिक्न चाहने मान्छे छन् । जो समाजको हितका लागि नयाँ बिचार र उपायको खोजीमा छन् । मान्छे दुई चीजको खोजीमा हुन्छन, खाना र ज्ञान । तपाईहरु ज्ञानको खोजीमा आउनु भएको छ ।

भारतको लागि सन २०१६ महत्वपूर्ण वर्ष छ । यो वर्ष अम्बेडकर र विनोभा भावेको १२५ औं वर्षगाठ परेको छ । विनोभा भावे भूमि अधिकार अभियानको शुरुवातकर्ता हुन् । उनले सन १९५० देखि १९६० को दशकमा भूमि प्राप्तिका लागि देशव्यापी यात्रा गरेका थिए । त्यो १४ वर्षको पैदल यात्रा थियो । यस यात्रामा उनले ४२ हजार एकड जमिन दान लिए । जसलाई भू-दान अभियान भनिएको थियो ।

हामी १२५ औं वर्षगाठ मनाईरहेका छौं । तर दुर्भाग्य यो छ कि, कसैको गुणगान गरि दिवश मनाउँछौं । उसको आचरण स्वीकार गर्न सक्दैनौं । फूलमाला चढाउने, अगरबत्ती बाल्ने काम राम्रैसंग हुन्छ । उनका आदर्श, मुल्य मान्यता बोकेर आफुलाई बदल्ने काम गर्दैनौं । उनका दिब्य दर्शनका बारेमा हामी चर्चा गर्दैनौं ।

समाजमा व्याप्त गरिबी, असमानताको विरुद्ध अम्बेडकरले जिन्दगी भर लडे । त्यो खालको गरिबी र असमानता अझै पनि छ । किन त्यसो भयो त ? १२५ वर्ष अगाडिदेखि उठेका मुद्दा सम्बोधन नहुनुमा हामी कहाँ चुक्यौ ?

विनोभा भावेले भन्नुभएको थियो, यदि आकास, हावा, प्रकाश, बर्षा सबैको साझा हो । जमिन किन साझा नहुने ? यी प्रकृतिका देन हुन् । यसलाई केही मानिसले मात्र कसरी हडप्न सक्छन् ? यसमा त सबैको समान हक हुनुपर्छ । यति महत्वपूर्ण कुरालाई बाहिर ल्याई बहस गर्ने समय हो । त्यसैले २०१६ को बाँकी ६ महिनामा प्राकृतिक स्रोतको समान वितरणको बहसलाई हामीले अझै अगाडि बढाउँछौं ।

सन २०१७ महात्मा गान्धीको चम्पारण यात्राको १०० औं वर्ष हो । उनले किसानलाई मुक्ति दिलाउन चम्पारणसम्म पैदल यात्रा गरेका थिए । त्यो बेलादेखि अहिलेसम्म यात्रा भईरहेका छन ।

तर समाजमा बदलाव आएको छैन । आज पनि किसानहरु गरिबी, शोषणको मार खेप्न नसकी आत्महत्या गरिरहेका छन् । भारतमा वर्षेनी १७ हजार किसानले आत्महत्या गर्छन् । हाम्रो खानामा विष छ । समाजमा गरिबी, शोषण, अन्याय छ ? सोचेर छलफल गर्ने बेला आएको छ ।

सन २०१८ मार्टिन लुथर किङ माथीको शारिरीक हमलाको ५०औं वर्ष हो । उनले शोषण, दमनबाट मुक्ति सम्भव छ, यसमा हामी सफल हुन्छौं भनेका थिए । २०१९ साल माहात्मा गान्धीको १५० औ वर्षगाठ हो । महात्मा गान्धी भारतका मात्रै नेता नभएर बिश्वका नेता थिए । कुनै देशमा जन्मिनुले कुनै नेतालाई त्यस देशको सीमाभित्र मात्र सिमित राख्नुपर्छ भन्ने छैन । गौतम बुद्ध नेपालमा जन्मेर एसियाकै ताराको रुपमा उदाउनुभयो । समय निकै नै महत्वपूर्ण छ । यी ब्यक्तित्वहरुले उठाएका मुद्धाहरुलाई हामीले फेरी पनि ब्युताउँनु आवश्यक छ ।

सन २०१६ अक्टुबर २ देखि महाराष्ट्रमा अन्र्तराष्ट्रिय महिला सम्मलेन हुँदैछ । यसले अहिंसात्मक आन्दोलन सफल हुनुमा महिला सहभागिताको भूमिका बढी महत्वपूर्ण छ भन्ने सन्देश दिनेछ । अहिंसात्मक आन्दोलन अगाडि बढाउन र समाजलाई रुपान्तरण गर्न सक्ने क्षमता महिलामा छ भन्ने अर्को सन्देश हुनेछ । अक्टुबर १० देखि १३ सम्म अहिंसात्मक आन्दोलन र महिला अधिकारको विषयमा दिल्लीमा चलचित्र महोत्सब हुनेछ ।

सन २०१७ मा चम्पारण देखि पटनासम्म ३०० किमीको पैदल यात्रा तय गरिएको छ । यसमा भूमिहीनको मुद्दा उठाईनेछ । नेपालबाट पनि सहभागि हुन निमन्त्रणा गर्छु । मानिसहरुलाई नदीको किनार, सडकको किनार किन बसोबास गर्नु परिरहेको छ ? यसमाथी बहस केन्द्रित गरिनेछ ।

हामी हिंसात्मक आर्थिक मोडलको मारमा छौं । यसबाट छुटकारा पाउन भाषणबाजीले पुग्दैन । अहिंसात्मक अर्थव्यबस्थालाई अपनाएर अगाडि बढ्नुपर्छ । अहिंसात्मक अर्थ व्यवस्था भनेको के हो ? यसको प्रबर्धन कसरी गर्ने ? भन्ने कुरालाई चर्चामा ल्याउन सन् २०१८ मै अहिंसात्मक आर्थिक मोडल सम्बन्धी अन्र्तराष्ट्रिय सम्मेलनको आयोजना हुँदैछ ।

सन् २०१९ मा दिल्ली देखि जेनेभासम्म पैदल यात्रा हुनेछ । ८ हजार ४ सय किलोमिटर लामो यात्रा सम्पन्न गर्न १५ महिना लाग्नेछ । यसमा नेपालको सक्रिय सहभागिता हुने आशा छ । दिल्ली स्थित माहात्मा गान्धीको समाधिस्थल राजघाटबाट यात्रा सुरु हुनेछ । यसमा बिश्वका १५० जना अभियन्ता हिड्नेछन । यात्रा अवधीमा अहिंसात्मक अर्थ ब्यवस्थाको बिषयमा विश्व वैंक, संयुक्त राष्ट्र संघ जस्ता विश्वव्यापी संघसंस्थासँग पनि छलफल हुनेछ । नाफा र बृद्धिका कुरा मात्र गर्ने गरिबी र न्यायबारे नबोल्ने संघ संस्थालाई अहिंसात्मक अर्थ व्यवस्थाबारे सोच्न र बोल्न आह्वान् गर्नेछौं । हामी स्थानिय मुद्दालाई बिश्वब्यापी बनाउँछौं । सानो कुरालाई महत्वका साथ उठाउँछौं । बिकास तलबाट शुरु हुनुपर्छ भन्ने करालाई बहसमा ल्याउँछौं । त्यसैले यो अवधी हाम्रो लागि निकै महत्वपूर्ण छ ।

भारत स्वतन्त्र भएपछि बनेको संविधानमा टिप्पणी गर्दै अम्बेडकरले भनेका थिए, यस संविधानले हामीलाई भोट गर्ने अधिकार दिएको छ तर बाँच्ने अधिकार दिएको छैन । जबसम्म भूमिहीन तथा किसानहरुले जमिन प्राप्त गर्न सक्दैनन् तवसम्म हामीले बाँच्ने अधिकार पाएको भन्न मिल्दैन । यो नै संविधानको सिमितता हो । त्यस्तै अर्को महत्वपूर्ण कुरा भनेका थिए, जब बिदेशीहरुले हामीमाथी शोषण र शासन गरे, त्यतिबेला महात्मा गान्धीले उनीहरुका विरुद्ध लडन सिकाए । जब आफ्नैहरुबाट शोषित हुनेछौं, त्यसबेला आफ्नैहरुसंग कसरी लड्ने भन्ने सिकाउन गान्धी हामीमाझ हुनेछैनन । त्यो नै हाम्रो चुनौती हुनेछ ।

हिंसा र अहिंसाको कुरा गर्दा दुबैको परिभाषा बुझ्नु जरुरी छ । हिंसा मुख्यतया २ प्रकारको हुन्छ । प्रत्यक्ष र अप्रत्यक्ष । युद्ध, कुटपीट प्रत्यक्ष हिंसा हो । शोषण, अत्याचार, दमन, गरिबी अप्रत्यक्ष हिंसा हो । प्रत्यक्ष हिंसालाई हामी देख्छौं र खुलेर बिरोध गर्छौं । तर अप्रत्यक्ष हिंसामा हामी किन बोल्दैनौं ? जबसम्म अप्रत्यक्ष हिंसा विरुद्ध बोल्दैनौं, तबसम्म दुनियामा हिंसा कम हुनेछैन । अप्रत्यक्ष हिंसाको अन्त्य नगरी प्रत्यक्ष हिंसा रोकिदैन । पानी फोहर छ भने लामखुट्टे जन्मिनु स्वभाविक हो । त्यसैले लामखुट्टे मार्नु भन्दा पनि पानी सफा गर्नु जरुरी छ । हामीले गरेको आन्दोलन अप्रत्यक्ष हिंसाकै विरुद्ध हो ।

अहिंसाको पनि २ पाटा छन् । सक्रिय र निष्क्रय अहिंसा । हामी हिंसाको जालबाट बाहिर निस्कन चाहन्छौं भने अप्रत्यक्ष हिंसा बिरुद्ध लड्न सक्रिय हुनुपर्छ । हामीले अपनाइरहेको प्रक्रिया सक्रिय हुनुपर्छ । सक्रिय नभई हामी अहिंसाको औजारलाई तिखार्न सक्दैनौं । र हिंसा पनि अन्त्य हुँदैन । शान्तिको रटानले मात्र हुदैन । शान्तीको लागि हुनु पर्ने कुरा न्याय हो । समाजमा न्याय स्थापना गर्न सक्रिय अहिंसाको बाटो लिनुपर्छ ।

विकासको बिषयमा पनि गलत धारणा छ । विकास भनेको भौतिक अवस्थामा आउने परिवर्तन अथवा नयाँ बन्ने संरचनाहरुलाई बुझिन्छ । सडक, भवन, बजारलाई हामी विकास भन्छौं । अवस्थाको बिश्लेषण गर्ने हो भने हामी केवल बाहिरी विकासमा मात्र ध्यान दिईरहेका छौं । हामीले मान्छेको मानसिक परिवर्तन, भावनात्मक परिवर्तन, न्याय प्रक्रियामा परिवर्तन खौज्दैनौ भने बाहिरी बिकास पिडादायी बिकास हुन्छ ।

अर्को अहिले आधुनिकताको चर्चा हुन्छ । ल्यापटप, मोवाइल बोक्दैमा, राम्रो लुगा कपडा लगाउँदैमा आधुनिक भन्न सकिदैन । बानी ब्यावहार फेदैनौं । कपडा फेरेर कसरी आधुनिक भईन्छ । आज पनि तागतको भरमा काम गर्न खोज्छौं । अरुलाई दबाउने, शोषण गर्ने, ठुलो स्वरले बोल्ने २ सय वर्ष पुरानो ब्यावहारमा फरक नआई मान्छे आधुनिक हुन सक्दैन । अव आधुनिकताको नाटकलाई चुनौती दिने समय आएको छ । युद्धको सट्टा वार्ताबाट समाधान खोज्ने, बलको सट्टा बुद्धि प्रयोग गर्ने पद्दती हो आधुनिकता । आधुनिक र अहिंसावादीको शक्ति बन्दुक होईन बिचार हो । सामाजिक, आध्यात्मिक, सांकृतिक पद्दतीलाई शक्तिको रुपमा बिकास गर्नुपर्छ । त्यो हो, आधुनिकता ।

हामीले यो पनि सोच्नु जरुरी छ कि, अव गरीब कसलाई भन्ने ? गाउँमा जाँदा त्यहाँका मान्छेले घरमा बोलाउँछन । खाना दिन्छन । आदर, सम्मान गर्छन् । आफ्नो घरमा नभए पनि कतैबाट ल्याएर खुवाँउछन् । त्यस्तो मन भएका मान्छेलाई गरिब भन्छौं । जो न कसैलाई खाना खाए नखाएको सोध्छ । न केही सहयोग गर्छ। टेलीभिजन अगाडी बसेर हेर्न मात्र जान्दछ । नाच्न गाउन समेत सक्दैन उसलाई धनी भन्छौं । पैसा भएको मान्छे धनी र नहुने मान्छ गरीब ठान्ने प्रबृतिमा पनि फेरबदल ल्याउनुपर्छ । अव सोच्ने बेला भयो, आखिरमा गरिब को हुन् ?

हिंसा, गरिबी बढाउने कामले प्रोत्साहन पाईरहेको छ । भारतमा ६० प्रतिशत मानिस कोकाकोला पिउँछन् । ५ वर्षमा थप ४० प्रतिशतमा ब्यापार पुर्‍याउने कम्पनिको लक्ष्य छ । ४० प्रतिशतले मोवाईल प्रयोग गर्दछन् । ५ वर्षमा थप ६० प्रतिशतमा पुर्‍याउने लक्ष्य मोवाइल कम्पनिको छ । सब भन्दा खतरा कुरा अहिले १० प्रतिशतसंग बन्दुक छ । २० वर्षमा ९० प्रतिशत थप मानिसलाई बन्दुक बेच्ने कम्पनिको लक्ष्य छ । अव बिचार गरौं, हाम्रो आर्थिक मोडेल अर्थात बिकासको अभ्यासले समाजलाई कस्तो ठाउँमा पुर्‍याउँदैछ ?

बजारले कसरी कति डरलाग्दो र खतरामुलक स्थान लिंदैछ । शोषणमूखी र हिंसात्मक आर्थिक मोडेलले गर्नु नहुने कामलाई प्रोत्साहन दिईरहेको छ । गर्नैपर्ने कामलाई घटिया देखाउँछ । बन्दुक बेच्ने कम्पनिले भन्छन, अहिंसा त कायरहरुको काम हो । यस्तो प्रचारले मानिसहरु आफुलाई शक्तिशाली देखाउन बन्दुकतिर आकर्षित हुन्छन । जुन गर्नु नहुने काम हो । खेतीको कामलाई बेवकुफहरुले गर्ने काम भनी चर्चा गर्छन । असभ्यहरुले गर्ने काम भन्छन । त्यसको नराम्रो प्रभावले खेती प्रतिको आकर्षण र बिश्वास घट्दो छ । खेती छोड्नुको कारण गलत सन्देश दिने शिक्षा चलिरहेको छ । त्यो प्रणाली चलाउनलाई करोडौं खर्च भईरहेको छ ।

यसले मानिसलाई खेतीबाट जागिर वा मजदुरीतिर, गाउँबाट शहरतिर धकेलीरहेको छ । कलेजमा पढ्ने केटा केटी आफुलाई किसानको छोरा, छोरी भन्न रुचाउँदैनन । किसान हुनुलाई उनीहरु बेईज्जत ठान्छन । जमिन बाँझो रहनु, बेच्नु पनि यसकै उपज हो । हामी गाउँमा बस्न मान्छेले केही जानेका हुँदैन भन्ने ठान्छौं । जबसम्म हामी आफ्ना बच्चाहरुलाई अहिंसा, खेती, जमिनको बिषयमा सकारात्मक शिक्षा दिन सक्दैनौं, तवसम्म न हिंसा रोकिन्छ । न न्याय हुन्छ । त्यसैले युवाहरुलाई अहिंसा सम्बन्धि शिक्षा दिन जोड गरौं । उनहिरुलाई भ्रमबाट मुक्त गरौं ।

अर्कोतिर बिकासको नाममा किसानलाई खेतीबाट बिस्थापित गर्ने काम सरकारबाटै भईरहेको छ । उद्योग खोल्न किसानले कमाईरहेको जमिन कब्जा हुन्छ । उनीहरुलाई त्यही रोजगारी दिने कुरा गरि सुकुम्बासी बनाईन्छ । यसले मानिसलाई किसानबाट मजदुरमा, गाउँबाट शहरमा धकेलिरहेको छ । ब्राजिल भारत भन्दा २ गुना ठुलो छ । अहिले त्यहाँका ८० प्रतिशत मानिस सहर, सुकुम्बासी बस्तीमा छन् । २० प्रतिशत मानिसले जमिनमा कब्जा गरेका छन् ।

अव नयाँ ढंगबाट सोच्ने बेला भइसक्यो । आगो निभाउन पानी नै चाहिन्छ भन्ने कुरा सिकाउनु जरुरी छ । यसबेला आगो निभाउन आगो चाहिन्छ भन्ने सिद्धान्त चलीरहेकोछ । अर्थात हिंसा

दवाउन अर्को हिंसा निम्त्याउने काम भईरहेको छ । यसले कुनै पनि समस्याको हल गर्दैन । हाम्रो काम सानो छैन । पाउलो फ्रेरेरले भन्नु भएको थियो, म शोषबाट मुक्ति चाहन्छु साथै शोषण गर्ने प्रबृतिबाट तपाईलाई पनि मुक्ति दिलाउँछु । म गरीबबाट मुक्ति चाहन्छु, साथै पैसा जम्मा गर्ने प्रबृतिबाट तपाईलाई पनि मुक्ति दिलाउँछु । यस प्रकारको आन्तरिक शक्ति निर्माण गरि युवाहरुलाई जागरुक गरायौं भने हामीले समाजमा हिंसा कम गराउन सक्छौं ।

अहिंसात्मक सोच र ब्यवहार सधैं, हर समय हुनुपर्छ । मान्छेले सोच्छन, जव सबै चीज ठीक हुन्छ भने त्यतिबेला हिंसा गर्नु हुँदैन । त्यो त स्वतः हुने कुरा हो । खराव समयमा अहिंसात्मक हुनुपर्छ । अप्ठेरो पर्दा अरुमाथी हात उठाउने, चर्को बोल्ने, रिसाउने अहिंसावादी हुन सक्दैन । अहिंसात्मक सोच खराव समयलाई सकारात्मक तरिकाले सामना गर्ने औजार हो । वर्तमान परिवेशमा यो चुनौतीपूर्ण छ ।

अहिंसात्मक आन्दोलनमा चार खम्बा छन । जसलाई हामी शक्तिको रुपमा चिन्छौं र उपयोग गर्छौं। एक समुदायको एकताको शक्ति : जसले हाम्रो सवाललाई बलियो बनाउँछ । एक आपसमा सहयोग आदान प्रदान हुन्छ । हाम्रो यात्रालाई पलपलमा साथ दिन्छ । दोस्रो युवा शक्ति : जोसँग तागत छ । त्यो तागतलाई अन्तरिक शक्ति वा भावनामा बदलेर परिचालन गर्न सकेमा यसले नयाँ परिवेश सिर्जना गर्छ । तेस्रो क्रोधको शक्ति : यसले समस्यालाई सवाल बनाउँछ । बहसमा ल्याउँछ। आवेग नभई नयाँ कुराको सिर्जना हुँदैन । फरक यति हो कि, क्रोधलाई अहिंसात्मक सिद्धान्तका माध्यमबाट योजना, ज्ञानमा बदल्नुपर्छ । क्रोध भनेको तत्व हो । यसले शक्ति पैदा गर्छ । त्यसको सही उपयोगले समाज बदल्न सकिन्छ । चौथो अहिंसाको शक्ति : हामी सबै शक्तिलाई अहिंसात्मक तरिकाबाट उर्जामा बदल्छौं । यसले नैतिक रुपमा सरकारलाई हाम्रा कुरा सुन्न बाध्य बनाउँछ । त्यसकारण सामाजिक आन्दोलनमा यि चार शक्तिको सही पहिचान र उपयोग पनि महत्वपूर्ण छ ।

अहिंसात्मक शैलीलाई शिक्षामा जोड्नुपर्छ । स्वस्थ्य, कृषि, अर्थशास्त्र, पत्रकारिता, कानून, सबै बिषयमा अहिंसाको कुरा समावेश हुनुपर्छ । यसमा बिश्वबिद्यालयहरुले पहल गर्नुपर्छ । अन्यथा शिक्षित मान्छेकै माध्यमबाट नै हिंसा हुनेछ । शिक्षितबाट शिक्षित नै ठगी, शोषणमा पर्नेछन । अहिलेसम्मको शिक्षाले ठग्न, पैसा कमाउन, झुटो बोल्न, झगडा गराउन सिकाएको छ । सम्मानजनक पेशाबाटै हिंसा भईरहेको छ ।

अहिंसा शिक्षाको एक भाग हो । हामी छोराछोरीलाई आफ्नो कक्षामा सधै पहिलो हुन प्रेरित गर्छौं । के मा पहिलो हुने कुरा गर्दैनौं । ज्ञानमा, अनुशासनमा, मिहेनतमा पहिलो हुनुपर्छ भन्ने हाम्रो बिश्वास हो । तर भ्रष्टाचार, कुरीतीमा पनि पहिलो हुन गयौं । त्यसैले हिंसात्मक शैली मिसिएको शिक्षा प्रणालीमा पनि फेरबदल ल्याउनुपर्छ । यसबाट हामी शान्तिपूर्ण संसार निर्माण गर्न सक्छौं ।

अहिंसात्मक शिक्षाले मान्छेलाई खराव ब्यावहार गर्नबाट रोक्छ । नेदरल्यान्डमा जेल खाली छन् । सिरियादेखि बिस्थापित भएका मान्छेलाई राख्ने सेल्टर बनेका छन, नेदरल्याण्डका जेलहरु । अर्को रोचककुरा नर्वे सरकारले पत्रकारलाई बोलाई नकारात्मक समाचार बन्द गर्न आदेश दियो ।

पत्रकारले त्यसलाई स्वीकार गरि सकारात्मक समाचार मात्र लेख्न थाले । यसले युवाहरुमा राम्रो प्रभाव परेको छ । सकारात्मक प्रचारले अपराध घटेपछि जेलहरु सुधार केन्द्रमा परिणत भएका छन्। जेल सजाय दिनका लागी होइन, सुधार्नको लागी हो भन्ने प्रचारको कारण अपराधका घटनामा ५० प्रतिशत कमि आएको छ । त्यसैले अहिंसातमक शैलीको अभ्यास गर्नु सामाजिक अभियन्ताको मात्र काम होईन । राज्य तथा विश्वको नै काम हो । सञ्चार माध्यम, शैक्षिक संस्थाहरुको प्रयासले अझ बढी प्रभाव पर्न सक्छ ।

मैले भारतको प्रधानमन्त्रीलाई भेट्दा भनेको थिए, हामी शान्तीको चाहना राख्छौं, तर त्यसका लागि काम गर्ने निकाय छैन । त्यसलै एउटा शान्ति मन्त्रालय बनाउनुपर्छ । शान्ती मन्त्रालय नै छैन भने शान्ती कहाँ बाट हुन्छ ? दोस्रो कुरा गरेको थिए, सामाजिक आन्दोलनहरु भईरहेको बेला प्रहरी नपठाउने । जसलाई आन्दोलनको माग र नीतिनियमको बिषयमा थाहा हुँदैन, आन्दोलनकारीसंग छलफल गर्ने अधिकार र क्षमता हुँदैन । उनीहरुलाई पठाएर के फाईदा ? सामाजिक आन्दोलन हुँदा सरकारले यस्तो मान्छे पठाउनु पर्‍यो, जसले त्यहाँको बिषयमा चासो राख्छ, कुरा बुझ्छ र अर्कोको समाधानको उपाय सहित त्यहाँ भएका गतिबिधि बताउन सक्छ ।

हाम्रो काम राज्यलाई संवेदनशील बनाउनु हो । अहिंसाको दृष्टिकोणबाट हेर्दा हाम्रो जिम्मेवारी ठूलो छ । सानै भए पनि हामी यसमा दक्षता प्राप्त गर्न सक्नेछौ । अरुलाई पनि मान्छेहरुलाई बुझाउन सक्नेछौ । जसको फलस्वरुप एउटा शान्तिपूर्ण समाजको निर्माण हुनेछ ।

अहिंसात्मक शैली त्यति सजिलो बिषय होईन । हाम्रा संस्कृती, धार्मिक शास्त्रहरु पनि हिंसामा आधारित छन । महाभारतको कथामा श्री कृष्णले समस्या समाधान गर्न हिंसाकै बाटो अपनाएका थिए । रामायण र अरु पौराणीक कथाहरु पनि मारकाटकै प्रसंगमा रचिएका छन । शिक्षा, संसकृति सबै हिंसामुखी हुनु नै सबै भन्दा ठूलो चुनौती हो । तथापी सामाजिक हितका लागि काम गर्ने मान्छे, संस्थाहरुले आफ्नो काम कसरी अहिंसात्त्मक बनाउने भन्ने सोच्नु जरुरी छ । अहिंसात्मक अवधारणालाई आत्मसात गरि काम गर्ने थोरै छौं । धेरैले परियोजनाको अवधारणामा आधारित भई काम गरेका छन । परियोजनालाई अहिंसात्मक सामाजिक आन्दोलनसंग जोडेर लैजाने कुरा सोच्नु पर्‍यो । अहिलेसम्म स्रोत कसरी ल्याउन सकिन्छ, भन्नेमा बढी केन्द्रित भयौं ।

हामी संग बहुतले भवनहरु छन् । अर्न्तराष्ट्रिय विमानस्थल छन् तर त्यो बिकासभित्रै महिला हिंसा, जातपातको विभेद, छुवाछुत जस्ता कुरीती छन भने त्यसलाई बिकास भन्ने कि नभन्ने ? त्यसैले भौतिक संरचना, आधुनिकीकरणको प्रक्रियासंगै सामाजिक न्याय, अहिंसालाई संगै लैजानु पर्छ ।

**सहभागिहरुको प्रश्न :**

- *अहिंसात्मक आन्दोलनको पक्षमा रहेपनि कहिलेकाँही नकारात्मक भावना आई हाल्छ । त्यसलाई कसरी नियन्त्रण गर्न सकिन्छ ?*

- *हामी अहिंसालाई सामाजिक आन्दोलनको औजारको रुपमा उपयोग गर्न सक्छौं । तर यसलाई ब्यक्तिगत ब्यावहारसंग कसरी जोड्न सकिन्छ ? आफ्नै अभ्यासबाट अप्रत्यक्ष हिँसालाई कसरी सम्बोधन गर्न सक्छौं ?*
- *अहिले छलफलमा आएको अहिंसा र सामाजिक आन्दोलनलाई हामी गरिबीसंग जोड्न सक्छौं । तर कोही यस्तो पनि ठाउँ छकि, जहाँ यस प्रकार मुल्य मान्यता र शिक्षा एक आपसमा बाँडिदैन ? र हामी अर्न्तक्रिया, छलफल गरेर सम्झाउन सक्छौं ।*

प्रश्नहरु अति नै सान्दर्भिक छन् । मैले जे भने, ति ब्यावहारमा ल्याउन सजिलो छैन । तर अहिंसात्मक सिद्धान्त नअपनाई अव सुख छैन । हामीले सिक्छौं, त्यसलाई अभ्यासमा लैजानुपर्छ । आफ्नै ब्यावहारबाट नयाँ तरिकाको बिकास गर्नुपर्छ । मैले तालिम, छलफलहरुमा भन्ने गरेको छु, पाँच पाण्डबको कहानीबाट हामी के सिक्न सक्छौ ? ५ चीजको महत्व छ । हामी भित्र पाँच इन्द्रिय (आँखा, नाक, कान, छाला, जिब्रो)छन । तिनलाई नियन्त्रणमा राख्न सकिएन भने पञ्चभूत(अग्नी, वायु, जल, आकाश, माटो) समाप्त भएर जानेछन ।

हामी ईन्द्रीयहरुलाई अहिले यति छुट दिईरहेका छौं कि, कहिले पनि पुरा नसकिने लोभ लालचमा हाम्रो मन गईरहेको छ । यसले एक दिन बिनाश ल्याउँछ । हामी जल, जंगल, जमिन पनि बचाउन सक्दैनौं । सिक्ने र सिकाउने कुरा अति नै महत्वपूर्ण छ । हाम्रा जो भनाईहरु छन, त्यसबाट राम्रा मान्यताहरु सिर्जना गर्न सकिन्छ । मैले तालिममा युवाहरुलाई हनुमान र जाम्बवानको कथा सुनाउने गर्छु । नदी किनारमा निराश भईरहेका थिए । जाम्बवानले हनुमानको शक्तिको बखान गरि प्रेरणा दिए । हनुमानले आफ्नो सिद्ध गरे । हामीभित्र समस्या मात्र छैन, समाधान पनि छ भन्ने बुझ्नुपर्छ ।

दोस्रो कुरा, मैले सन् १९८० पछाडी दातृ निकायको नाम सुनेको हो । १९९७ देखि उनीहरुसंग सहकार्य गरि काम थाले । त्यसअघि पनि महत्वपूर्ण काम गरिएको थियो, कसैको सहायता बिना । हिंसा त्यागनका लागि डाँकुहरुसंग छलफल गर्‍यौं । ठूल ठूला आन्दोलनहरु भए । यति धेरै जना मानिसहरुको खानाको ब्यवस्था गरियो । वकिलहरुलाई साथ लिएर डाकुँहरु विरुद्द मुद्दा लडियो । यसका लागि कुनै दातृ निकायको सहयोग थिएन । हाम्रो आफ्नै नियम, शैली, स्रोत थियो ।

चाहने हो भने गर्न सकिने सम्भावना जहाँ पनि छन । केही छैन भन्ने नै हुँदैन । जे छ, त्यहाँबाट शुरु गर्नुपर्छ । समाज त्यत्तिकै चलेको छैन । तर सन् १९९० पछि धेरै कुरामा दातृ निकायको भर पर्‍यौं । उनीहरुले नै नयाँ क्रान्ति ल्याउन भन्ने सोच छ । दातृनिकाय, प्रस्तावना लेखन भन्नेमा अलमलिएका छौं । त्यो सबै नराम्रो पनि होइन । तर अब जमाना बदलियो । कोष जुटाउनहरु पनि चिन्तामा छन, हाम्रो काम के ? सबै कुरामा दातृ निकायलाई केन्द्रबिन्दुमा राखेर हुँदैन । हामीभित्रको ईच्छालाई केन्द्रमा राख्नुपर्छ । दातृ निकाय नहुँदा पनि समाज परिवर्तन भएकै हो । मानिस परिचालन भएकै हुन । समाज परिवर्तनका लागि यो सोच्नु पर्‍यो कि, यो घर सफा गरे जस्तै नियमित काम हो । हामी घर सफा गर्न कसैको भर पर्दैनौं । सरसफाईमा बस्ने हाम्रो ईच्छा

हुन्छ, सफा गर्छौं । त्यसै गरि शान्तिपूर्ण, न्यापूर्ण समाजमा बस्ने ईच्छा हो भने अहिंसात्मक सामाजिक आन्दोलनमा पनि भित्री ईच्छाबाटै काम गरौं । युवा समाज भित्र परिवर्तनको इच्छा जागृत गरौं । भुक्तानी कामदार(तलबी कार्यकर्ता)को संख्या बढाउनु भन्दा प्रतिबद्ध अगुवको विकास गरौं । पाएको स्रोतको अधिकतम् सदुपयोग गरौं । यही नै अवको आवस्यकता हो ।

मैले पनि सोचेको थिए, बिना स्रोत कसरी आन्दोलन गर्न सकिन्छ ? तर कोशिस गरे । नयाँ उपाय निकाले । यदि आन्दोलनमा भाग लिने हो भने, आफ्नो लागी एक मुठी अनाज र एक रुपैया अनिवार्य बचत गर्ने । एक रुपैया राख्न नसक्ने यो दुनियामा कोही छैन होला । केन्द्रीकृत सहयोग संकलनको जमाना छैन । अब बिकेन्द्रीकृत सहयोग संकलनको तरिकाबाट जानु पर्छ । कार्यक्रमको पहिलो संस्कार भनेको नै लाइनमा उभिने र एक रुपैया र एक मुठि अनाज राख्ने अभ्यास हो । यसले साच्चीकै काम गर्छ । त्यसैगरी एउटा पोष्टकार्ड आफ्नो प्रधानमन्त्रीको लागी । आफुले भन्न चाहेको कुरा लेखेर पठाई दिने । एक आन्दोलन, एक परिवारबाट एक व्यक्ति सहभागि । घरका सबै जना आउनुपर्छ भन्ने छैन । तर आउने मान्छेले एक दिनको लागि होईन एक महिनाका लागि आउनुपर्छ । यति गर्न सकिन्छ । मैले युवाहरुलाई भन्ने गर्छु, ९५ बर्ष आफ्नो लागी बाँच्ने । ५ वर्ष देश र समाजको लागि । हाम्रा मानिसहरुलाई फरक तरिकाले उत्प्रेरीत गर्नु जरुरी छ । दातृ निकायको बारेमा सोच्नुपर्ने कुनै जरुरी छैन ।

अर्को कुरा समस्यालाई सम्भावनामा बदल्नुपर्छ । म गाउँमा जाँदा त्यहाँका मानिसहरुले पिडा सुनाउँछन् । खानेकुरा छैन । पानी टाढा छ । घर सानो छ । गर्मिमा काम गर्नुपर्छ । पैदल हिड्नुपर्छ । हामीले यदि उनीहरुरुलाई कुनै योजना लगेर दिने भने त्यहाँ मान्छे अल्छी र आशावादी हुन्छन । त्यसकारण हामीले योजना दिन होईन, आशा जगाउने हो । उत्प्रेरणा दिने हो । गर्मिमा काम गर्नुपर्छ भन्दा मैले भन्ने गर्छु हामी गर्मिमा खटेर काम गर्न सक्ने क्षमता भएका मान्छे हौं । सुत्न ठाउँ छैन भन्नेलाई भन्छु, हामी सडकको पेटीमा पनि सुत्न सक्ने क्षमता राख्ने मान्छे हो ।

यो कुरा मैले कहींबाट सिकेको होइन । गाउँमा जाँदा जब समस्या ल्याए, त्यहीँ सम्भावना देखाए । गरीबहरुले चाहेमा परिवर्तन अवश्य सम्भव छ । किनकी उनीहरु एक छाक खाएर पनि बस्न सक्छन । गर्मिमा पनि हिड्न सक्छन । सडक पेटीमा पनि सुत्न सक्छन । पिडा र दुःख सहने आदत छ । यो नै उनीहरुको मुक्तिको औजार हो । मध्यम वर्गले यो गर्न सक्दैन । उसको मुक्ति पनि सम्भव छैन । मलाई गाउँलेहरुले नयाँ नयाँ सम्भावनाहरु सुनाउँछन् । त्यसकारण दातृ निकाय नै हाम्रो जिवनको सर्वोपरि होइन ।

राजनीतिको बिषयमा जे कुरा आयो । यसलाई पनि सापेक्ष रुपमा हेर्नुपर्छ । उनीहरु समाजलाई पुटाउन नै चाहन्छन । त्यो स्वभाविक हो । उनीहरुले अर्कोसंग भएका भोटर फुटाएर आफुसंग लैजाने हो । उनीहरु पहिला बिचारको आधारमा फुटाउँछन । त्यपछि जातजातीको आधारमा फुटाउँछन । आफ्नो स्वार्थमा उपयोग गर्छन । अर्को अर्थमा भन्ने हो भने राजनीतिक दलहरु

समाज फुटाएर टिक्छन भने संघसंस्थाहरु जुटाएर टिक्छन । हाम्रो काम समाजमा एकता ल्याउनु हो । त्यसैले पनि सामाजिक आन्दोलन महत्वपूर्ण छ ।

भारतमा दलित आन्दोलन, कम्युनिष्ट आन्दोलन, गान्धीवादी आन्दोलन चलिरहेका छन् । धेरै प्रकारका आन्दोलनको फाईदा सरकारलाई छ । हामी सबै जना विभाजित भएकाले । मैले सन् २०११/१२ मा भारतभर १ बर्षे यात्रा गरे । जसको आधारमा एउटा किताब पनि लेखे । सबै आन्दोलनका नेतृत्व वर्गलाई भनेको छु, कोही अम्बेडकरलाई मान्छौं, कोही मार्क्सलाई मान्छौं, म गान्धीलाई मान्छु तर फरक के ? केही छैन । सबैको चाहना पिछडिएकाले न्याय पाउन् । यदि सबैले चाहेको यहि हो भने साझा धारणा बनाऔं । हिजाको कथा कहानी छोडेर आजको आवस्यकतालाई सम्बोधन गर्ने योजना बनाऔं ।

कुरा रह्यो यात्रा व्यवस्थापनको । सन् २०२० मा हुने हाम्रो यात्रा दिल्ली देखी जेनेभासम्म हुनेछ । बीचमा जतिपनि देश पर्छन । त्यहाँ अहिंसात्मक भावना र नयाँ सम्भावनाको बिषयमा तालिम दिईसकेका छौं । जर्जिया र टर्कीमा पनि तालिम दिएका छौं । जेनेभामा जगत बस्नेत र मैले नै तालिम संचालन गरेका हौं ।  यहि अवसरलाई प्रयोग गरेर यात्रा तय भएको छ । सन् २०१९ सम्म अहिंसात्मक आन्दोलनमा विश्वास गर्ने युवाहरुलाई हिडाँउन तयारी भईरहेको छ ।

यति धेरै देशका मानिस सबै एकैसाथ हिड्न सम्भव छैन । १४ भन्दा बढी देशको सहभागिता हुनेछ । हरेक देशको लागि सबै जनालाई भिसा मिलाउन पनि समस्या हुन्छ । त्यसैले हामी शुरुमा ५० जना हिड्छों । उनीहरुले २/ देश पार गर्छन । त्यसपछि अर्को ५० गरेर जान्छौं । यसरी हिड्न स्थानीय मान्छेहरुलाई नै तयार गरेर लैजाने हो । अहिले सक्छौं भनेर नै लागेका छौं तर कतिपय देशमा पैदल यात्रा गर्न निषेध छ । त्यहाँ कसरी हिड्ने भन्ने प्रबन्ध पनि मिलाउनु छ । हरतरहबाट यात्रा सफल गर्ने कोशिस भईरहेको छ ।

व्यक्तिगत रुपमा अहिंसाको अभ्यासलाई व्यवहारमा ल्याउन सकिन्छ । उदाहरणको लागी कोकाकोला हिंसाको प्रतिक हो । हामी नखान सक्छौं । खानेपानीको अभाव भईरहेको बेला जारको पानी उत्पादन गर्ने कम्पनिहरु करोडौं कमाईरहेका छन । त्यस्तो पानी बहिस्कार गर्न सक्छौं । हामीले थाहा पाएको हिंसा सहदैनौ भनी अहिंसाको प्रक्रियामा सक्दो मद्दत गर्न सक्छौं । मदिरापान लगायत हिंसासित जोडिएका उत्पादनको बिरोध गर्न सक्छौं । नकारात्मक मानिएका चीजलाई आफुले भोग नगर्ने हो भनेपनि अहिंसात्मक आन्दोलनमा ठूलो सहयोग पुग्छ ।

संसारमा धेरै हिंसा देखिन्छ । अहिंसाको प्रक्रियालाई मापन गर्न कठिन छ । त्यसैले यो ठूलो सवाल हो । आर्थिक पक्षलाई जस्तै अहिंसाको प्रक्रियालाई पनि मापन गर्न सक्नुपर्छ । कतिपय स्कुलहरुमा शान्ती क्लब स्थापना भईरहेका छन । शान्ती क्लबमा रहेका बच्चाहरुले द्धन्द्धलाई अहिंसात्मक तरिकाले समाधान गर्न सक्छन । सम्वाद गर्ने बानीको बिकास हुन्छ । यस्तै कामबाट अभियान थालनी गर्ने हो । कुटपीट गर्नु, चर्को स्वरमा बोल्नु, रिसाउनु, कराउनु, अर्काको आवाजलाई दबाउनु सबै हिंसात्मक ब्यावहारका लक्षण हुन् ।

हामी जव सैद्धान्तिक रुपमा कमजोर हुन्छौं । तर्कले अरुलाई आकर्षिकत गर्न सक्दैनौं तव शारिरीक बल प्रयोग गरिन्छ । तार्किक रुपमा पराजित भएको मान्छे हिंसाउन्मूख हुन्छ । त्यसैले हामीले अव वार्ता, सम्वादबाट समस्या समाधान गर्ने बानी बसाल्नुपर्छ । बच्चाहरुलाई पनि त्यही सिकाउनुपर्छ। यस्ता प्रक्रियाबाटै अहिंसाको मापन गर्ने हो ।

**सहभागिहरुको प्रश्न :**

- *अहिंसात्मक आन्दोलनमा लोकतान्त्रिक नीतिलाई कसरी सुनिश्चित गर्नुभएको छ ? यदि सामाजिक आन्दोलन भित्र लोकतन्त्रको पाटो पनि समावेश छ भने त्यो अहिंसा एउटा चरण हो भन्ने कुरामा सहमत हुनुहुन्छ ?*
- *तपाईले सामाजिक अभियान वा आन्दोलनलाई कसरी परिभाषित गर्नुहुन्छ ? हामीले गरिरहेका विभिन्न आन्दोलन, ऱ्यालीलाई सामाजिक आन्दोलनसंग जोडेर हेर्ने गरिन्छ । विकासको क्षेत्रमा काम गर्नेहरु फरक किसिमको वकालत गर्नको लागि सहयोगी दृष्टिकोणबाट अहिंसाको पाटोलाई अपनाउने कोसिस गरिरहेका छौं । आन्दोलन भनेपछि एकअर्काबीचको टकराव रुपमा बुझ्ने गरिन्छ । यस स्थितीमा अहिंसात्मक तरिकालाई कसरी अभ्यासमा ल्याउन सकिन्छ ?*
- *म बुद्धले प्रतिपाद गरेको अहिंसाको सिद्धान्तलाई पछ्याउने कोसिस गर्दै छु । त्यसको एउटा पक्ष झुटो नबोल्ने हो । बिगत ५ वर्षदेखि त्यसलाई अभ्यासमा ल्याउँदैछु । पछि खप्तड स्वामीको किताबमा पाए, कुनै राम्रो कामका लागि झुटो बोल्नु नराम्रो होईन । यसमा तपाईको दृष्टिकोण के हो ?*
- *नेपालमा माओवादी द्वन्द्वकालमा धेरै हिंसा भएको थियो । पछि पिडित पक्षले त्यसलाई परिवर्तनको रुपमा स्वीकार गऱ्यो । यस कुरालाई अहिंसासंग कसरी जोड्नु हुन्छ ?*
- *हामीले एकता परिषदको अगुवाई भारतमा भईरहेको आन्दोलनमा पनि भाग लिएका छौं । नेपालका गरीबहरु पनि संगठीत भई आन्दोलनमा छन । गरीबहरुले हिंसा गर्दैनन । धनीहरु नै हिंसात्मक गतिबिधिमा संलग्न हुन्छन । जो हिंसात्मक काम गर्छन, जीत उनीहरुकै भईरहेको छ । यस अवस्थामा हामी कसरी जीत हासिल गर्न सक्छौं ?*
- *हिंसाको शुरुवात सत्ताबाट हुन्छ । गान्धिको बिचारलाई महत्व दिने मान्छे परि सत्तामा पुगेपछि फेरिएका छन । अमेरिकामा प्रत्येक व्यक्तिलाई एक बन्दूक दिने कुराले चार्चा पाएको छ । हिंसात्मक तरिकाले शासन गर्न खोज्नेहरुको बहुमत छ । यस्तो अवस्थामा अहिंसाको पाठ सिकाएर कसरी हिंसा अन्त्य होला ?*
- *हामी परिवर्तनशील समाजको कुरा गरिराखेका छौं । समाजले भौतिक विकास खोजिरहेको छ । स्रोत सिमित छन । हामी बिकास र अहिंसात्मक आन्दोलनको दृष्टिकोणलाई संगै कसरी लैजान सक्छौं ?*

- *एक मुठी अन्न, एक रुपयाँ नगद संकलनको पनि अभ्यास गऱ्यौ । यसबाट परिरणाम आएको ठाउँमा त उत्साहित नै भईन्छ । तर जहाँ समस्या रहीरहेको छ, त्यहाँ समुदायले यस्तो योगदान गरि के पायौं ? भन्ने प्रश्न उठाउन थालेका छन । यस्तो अवस्थामा हामी आन्दोलनमा कसरी उर्जा दिन सक्छौं ?*

हामी सबैको बुझाई आवस्यकता असिमित छन । स्रोत सिमित छ । तर जाने त्यँही अवशर छन् । के खाने ? कस्तो लुगा लगाउने ? कत्रो घर बनाउने यो हामीले निर्धारण गर्ने कुरा हो । त्यसैले यसलाई सिमित गर्न सकिन्छ । स्रोत प्रकृतिले बनाएको हो । त्यहाँ धेरै चीजहरु छन । जसलाई हामी उपयोग गर्न सक्छौं । यसलाई ब्यवस्थित गर्ने हो भने आवस्यकता पुर्ति गर्न समस्या छैन ।

अहिंसात्मक सामाजिक आन्दोलन नयाँ तरिका हो । यसले बिश्वास र चेतनाकोस्तरमा फरक ल्याउँछ । आवस्यकता र आपुर्तिलाई परिभाषित गर्छ । कामलाई बिभिन्न चरणमा बिभाजन गर्छ । प्रत्येक ब्यक्तिलाई जिम्मेवारकिो बोध गराउँछ । दुःखी हुनुको कारण जिम्मेवारी पूरा गर्न नसक्नु हो भन्ने कुरा महसुस गराउँछ ।

अहिंसात्मक र हिंसात्मक आन्दोलनको परिणमलाई मैले तुलना गरी हेरेको छु । अहिंसात्मक पद्दतीबाट प्रत्यक्ष हिंसा रोक्ने प्रयासबाट काम शुरु गरेको हो । भारतको यमुनाघाँटी प्रचलित ठाउँ हो । जहाँ धेरै डाँकुहरु हुन्थे । १९७० मा म, जयप्रकाश, नारायण, सुबरावजीहरु त्यहाँ गयौं । सम्वादले प्रत्यक्ष हिंसा कसरी रोक्न सकिएला भन्ने प्रश्न हामीमा पनि थियो । तथापी आँट गरि त्यो ठाउँमा पुग्यौं । उनीहरु हामीमाथी जाईलागे । कुटपीट गरे । पछि छलफल भयो । ५ सय जना डाँकुले बन्दुक एक ठाउँमा राखिदिए ।

यसबाट मैले सिकेँ, छलफलपछि मान्छेले हिंसा त्याग्न सक्छ । बन्दुक छोड्न सक्छ । तर प्रत्यक्ष हिंसाको सामना गर्नु भन्दा अप्रत्यक्ष हिसा अन्त्य गरि शान्ति ल्याउनु राम्रो हो । अप्रत्यक्ष हिंसासँग लडेर प्रत्यक्ष हिंसामा जीत हासिल गरेका धेरै उदाहरण मेरो जिन्दगीमा छन् । दक्षिण भारत केरलाको कोकाकोला कम्पनीमा झगडा भएको थियो । साधारण मानिसहरुले अप्रत्यक्ष हिंसालाई उजागर गरि त्यति ठुलो बहुराष्ट्रिय कम्पनी बन्द गराई दिए । ओरिसा प्रान्तको निमगिरीमा पनि ठूलो कम्पनी खुल्यो । नागकिहरुको अहिंसात्मक आन्दोलनले फिर्ता भयो । कानुनी लडाई, सामाजिक आन्दोलनहरु अप्रत्यक्ष हिंसा रोक्ने औजार हुन । मेरो अनुभव, आशा र बिश्वास छ, अहिंसात्मक कार्यले सधैं जित्छ ।

अहिले प्यालेस्टाइन, सिरिया शान्तिका लागि लडीरहेका छन । तर कुराकानी भन्दा झगडा गरेर शान्ति खोज्दैछन । यो सम्भव छैन । पाकिस्तान र भारतबीच पनि यस्तै समस्या छ । हामी शान्तिपूर्ण समाजको लागि शान्तिपूर्ण बिधी अपनाउने कोशीस गरौं । यदि हिंसात्मक प्रयासबाट कुनै काम सफल भएपनि त्यसलाई नियन्त्रण गर्न अर्को हिंसा तयार भईसकेको छ । जित्नेमा पनि हिंसात्मक, तानाशाही मनोवृत्ति हुन्छ ।

एकपटक गान्धीजीलाई एक जना शिक्षकले प्रश्न गरे । तपाईले ईन्डियाको सबैलाई मुर्ख बनाउँदै हुनुहुन्छ ? तपाईको काम नै अरुलाई मुर्ख बनाउनु हो । अहिंसात्मक क्रान्तिले केही पनि हुँदैन । उसले सोचेको थियो, गान्धीजीलाई हराए । अनि गान्धीजीले भन्नु भयो, तपाई ईतिहासको शिक्षक हो । ईतिहास सिकाउँछौ । तर म इतिहास बनाउदै छु । मैले नयाँ इतिहास बनाएपछि तपाईले सिकाउनु होला । हामीले जीवनमा इतिहास बनाउनुछ । जुन बच्चाहरुले पढून । सिकून । निरासाले द्वन्द्ध निम्त्याउँछ । निराशा अस्वभाविक प्रक्रिया हो ।

हामी अहिले सैद्धान्तिक कुरा गर्दैछौं । व्यावहारिक रुपमा समस्याको समाधान अभ्यासबाट हुन्छ । समय अनुसार माग, नारा, योजना, कार्यर्शली तयार हुन्छन । मलाई याद छ १९५० को समयमा हाम्रो नारा **धन और धर्ती बटके रहेगी, भुखी जनता काम नासकेगी** । १९६० को नारा **जो जमिन सरकारी है, वह जमिन हमारी है** । १९७० को नारा **जो जमिनको जोते होय, वह जमिनका मालिक होय ।** १९८० को नारा **काला कानून तोडेङ्गे, हमारी जमिन जोतेङ्गे** । १९९० देखी हालसम्मको नारा **जल, जंगल और जमिन, वहे जनता के अधिन** । हामी पनि महसुस गर्दै आन्दोलनलाई नयाँ नयाँ आकार दिईरहेका छौं ।

संघर्षका तीन खम्बा हुन्छन । संघर्ष, संवाद र रचना । आन्दोलन भनेको संघर्ष मात्र होइन । हामी कहिले सरकारको गलत कामको बिरोध गर्छौं । कहिले वार्ताबाट समाधान खोज्छौं । कहिले गाउँ गएर सिर्जनात्मक काम गर्छौं । बृक्षारोपण गर्ने, सामुहिक खेती गर्ने, गाउँमा पढ्न लेख्न सिकाउने । यि पनि अहिंसात्मक सामाजिक आन्दोलनका उत्तिकै महत्वपूर्ण काम हुन् । परिस्थिति अनुसार चल्न सक्नुपर्छ ।

धेरै जसो कामलाई संघर्ष चाहिँदैन । धेरै जसो मान्छेहरुलाई संघर्ष गर्न आउँदैन । कुराकानी मात्र गर्न आउँछ । कसैलाई संघर्ष, सम्वाद भन्दा गाउँमा गएर काम गर्ने ईच्छा हुन्छ । समय अनुसार योजना बनाउनुपर्छ । मान्छेको स्वभाव अनुसारको जिम्मेवारी दिनुपर्छ । समाज सेवा गर्ने मान्छेहरु पनि खराब हुन सक्छन् । असल मित्र खोज्नु पनि हाम्रो काम हो । यसलाई म असल मनिसहरुको सञ्जाल भन्छु । लोकतन्त्रमा, राजनीतिमा, कर्मचारीमा, बिद्वानहरुमा असल मान्छे खोज्नु पर्छ ।

यसो गर्न सकिएन भने परिवर्तनको लडाई भन्दा झगडा बढी हुन्छ । दलितको समस्यामा दलित मात्र लड्ने, आदिवासीको समस्यामा आदिवासी मात्र लड्ने प्रक्रियालाई हटाउँदै जानु पर्छ । समाज परिवर्तनका लागि साझा धारणा र साझा प्रयास चाहिन्छ । सामाजिक आन्दोलनले तोड्ने होईन जोड्ने हो भन्ने कुरालाई सम्झिनुपर्छ । महिला अधिकारका लागि महिलाहरु नै लड्नु पर्छ भन्ने होईन । अन्याय र असमानताका बिरुद्ध सबै एक ठाउँमा आएर लड्ने हो । यसलाई असल मानिसहरुको सञ्जाल भनिन्छ । यो सफल पनि हुन्छ ।

मलाई याद छ, भारत स्वतन्त्र भएपछि गान्धीजीले हरीजनहरुको उत्थानका लागि एक समिति बनाए । त्यसको अध्यक्षमा ब्राम्हणलाई नियुक्त गरियो । मानिसहरुले सोधे, हरिजनको उत्थानका

लागि ब्राम्हण अध्यक्ष कसरी हुन सक्छ ? गान्धीजीले भने जसले पाप गरेको छ, उसैलाई सुधार गर्न देउ । यो उसमाथीको कारवाही पनि हो ।

**अनुसूची १ : सहभागी नामवली**

| क्र.सं. | नाम | क्र.सं. | नाम |
|---|---|---|---|
| १ | बिष्णु निष्ठुरी | ३२ | रीता बराम् |
| २ | सुभास कट्टेल | ३३ | नरीराम लोहार |
| ३ | धर्मराज जोशी | ३४ | भवानी घिमिरे |
| ४ | ताकेशी इकेडा | ३५ | सीता अधिकारी |
| ५ | नीमलाल पाण्डे | ३६ | कल्यान ब. माथेमा |
| ६ | क्याथरिन | ३७ | तयम कट्टेल |
| ७ | प्राप्ती अधिकारी | ३८ | टक बहादुर |
| ८ | ल्याम ब. दर्जी | ३९ | प्रकाश काफ्ले |
| ९ | जगत देउजा | ४० | लोचन पौडेल |
| १० | हंशराज जोशी | ४१ | जगत बस्नेत |
| ११ | प्रविनराज निरौला | ४२ | अनिता बस्नेत |
| १२ | सारिका राई | ४३ | सुधा खड्का |
| १३ | कल्पना कार्की | ४४ | राजरजक |
| १४ | राजुबाबु नेपाल | ४५ | उपासना राना |
| १५ | कमल भण्डारी | ४६ | लिलि थापा |
| १६ | ज्योती बैद्य | ४७ | आरती बि.क. |
| १७ | सरेश नेपाल | ४८ | सृष्टी श्रेष्ठ |
| १८ | हस्त पण्डीत | ४९ | बालकृष्ण शर्मा |
| १९ | बिनोद तिमिल्सिना | ५० | कपिल काफ्ले |
| २० | सितु प्रधान | ५१ | बिजु कण्डेल |
| २१ | सिता सुनार | ५२ | बिना श्रेष्ठ |
| २२ | गंगा देवी गुरुङ्ग | ५४ | श्रद्दा रायमाभ्री |
| २३ | गरिमा अधिकारी | ५५ | संजय राणा |
| २४ | युवा राई | ५६ | अनिता खरेल |
| २५ | गरिमा देवकोटा | ५७ | रमिता श्रेष्ठ |
| २६ | दिपक च्युलाल | ५८ | ठाकुर भण्डारी |
| २७ | प्रेमा शाही | ५९ | शम्भु कार्की |
| २८ | माया शाही | ६० | राजागोपाल पि भि |
| २९ | उद्धव अधिकारी | ६१ | राजन शाक्य |
| ३० | रोशन पोखरेल | ६२ | पूर्ण बहादुर नेपाल |
| ३१ | सरस्वती सुब्बा | | |

जयभूमि !